## गतिविधि



शान्तिका लागि वृक्षारोपण



समूह मासिक बैठक



द्रोपदी र उनका श्रीमान खेति गर्दै



स्वास्थ्य उपकरण हस्तान्तरण गर्दै

### स्थानीय तहको सरकारसँग सहकार्य

पाल्हीनन्दन गाउँपालिकासँगको सहकार्यमा पाल्हीनन्दन अस्पतालाई रु १८,८०,३२०/- (गाउँपालिका रु. ९८,0,३२० र यू.एम.एन./ईन्द्रेणी रु ९,००,०००) बराबरको डिजिटल X-Ray मेसिन सहयोग गरी समुदायका मानिसहरूलाई छिटो, छरितो र गुणस्तरीय सेवामा पहुँच पुगेको छ।

प्रतापपुर गाउँपालिकासँगको सहकार्यमा कूल रु. ३०,८९,८६२ (गाउँपालिका रु. ८,६६,३०० र यू.एम.एन./ईन्द्रेणी रु. १९,००,८७७ र श्रमदान रु ३,२५,६८५) लागत खर्चमा ५० विपन्न घरधुरीलाई शुद्ध खानेपानीको व्यवस्था गरिएको छ।

### साझेदार संस्था:

सुनवल सामुदायिक विकास केन्द्र
सुनवल, नवलपरासी

ईन्द्रेणी सामाजिक विकास मञ्च
बर्दघाट, नवलपरासी

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमवाट दिन सक्नुहुन्छ।**
**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं,**
**१६६००१२८११८ (नि:शुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८१६४११११३**
**feedback@umn.org.np**
**feedback.np@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. नवलपरासी क्लष्टर | बर्दघाट नगरपालिका ४ | लक्ष्मीनगर, नवलपरासी
फोन नं. ७८ ५९०९७१, ५९०९७२ | nawalparasi@umn.org.np | www.umn.org.np




# यू.एम.एन. वार्षिक प्रतिवेदन, नवलपरासी

## २०७८/२०७९

युनाईटेड मिसन टु नेपाल
UMN

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन



**सबु तमाङ्ग**
क्लष्टर टीम लिडर
नवलपरासी क्लष्टर


यूनाईटेड मिसन टु नेपाल, नवलपरासी क्लष्टरले सहभागीमूलक ढंगबाट पञ्चवर्षीय रणनैतिक योजना (२०२० देखि २०२५) र कोभिड महामारीको परिस्थितिमा २ वर्षे अन्तरिम रणनैतिक योजना (२०२१ देखि २०२२) निर्माण गरी एकिकृत परियोजना, समुदाय सशक्तिकरण, परियोजनाको प्रभावलाई फोकस गरी परियोजनाहरू सञ्चालन गर्दै आईरहेको छ। आ.व. २०७८/०७९ मा २ वटा साझेदार संस्थाहरू सुनवल सामुदायिक विकास केन्द्र, सुनवल र ईन्द्रेणी सामाजिक विकास मञ्च, बर्दघाटमार्फत ६ वटा परियोजनाहरू पाल्हीनन्दन र प्रतापपुर गाउँपालिकाहरूमा सञ्चालन गरेका थियौं। परियोजनाहरूको संक्षिप्त उपलब्धीहरू यसै प्रतिवेदनमा समावेश गरिएको छ।

स्वास्थ्य, जीविकोपार्जन, शान्ति निर्माण र संरक्षण, सुशासन, लैंगिक समानता, कोभिड १९ प्रतिकार्य आदि क्षेत्रमा काम गर्दै आईरहेको छ। द्वन्द सम्वेदनशीलता, अपाङ्गता समावेशी, वातावरण र जलवायु परिवर्तन र लैगिक समानतालाई संस्थागत र कार्यक्रमगत रुपमा क्रस कटिङ विषयको रुपमा लिइएको छ। महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, किसान, दैनिक ज्याला मजदुर, किशोरकिशोरीहरू, बाढी प्रभावित र जोखिम समुदायका मानिसहरू परियोजनाहरूको मुख्य लक्षित वर्गहरू हुन्।

**नवलपरासी**




सामाजिक परीक्षण, लेखा परीक्षण, समिक्षा, जिल्ला परियोजना सल्लाहकार समितिको बैठक, अनुगमन आदि गर्दै आईरहेको छ र सरोकारवालाहरूबाट प्राप्त रचनात्मक पृष्ठपोषणहरूलाई कार्यान्वयन गरिएको छ। पाल्हीनन्दन गाउँपालिका, प्रतापपुर गाउँपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, कृषि ज्ञान केन्द्र र अन्य सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी कार्य गर्दै आईरहेको छ।




**एकीकृत ग्रामीण समुदाय स्वास्थ्य परियोजना** पाल्हीनन्दन र प्रतापपुर गाउँपालिकाकाको सबै वडाहरूमा सञ्चालित छ। यस परियोजनाको अवधि २०७६ श्रावण देखि २०८२ आषाढसम्म (६ वर्ष) रहेकोमा हाल तेस्रो बर्ष समाप्त भएको छ।

दुबै गाउँपालिकाहरूमा स्थानीय स्वास्थ्य संस्थाहरूमार्फत घरमा आधारित सुत्केरी जाँच सेवा (Home based PNC), गाउकै स्वास्थ्य सस्थाबाट इम्प्लान्ट सेवा, मानसिक स्वास्थ्य उपचार तथा परामर्श सेवा, महिलाको आङ खस्ने समस्या सम्बन्धी प्राथामिक उपचार तथा प्रेषण सेवा, खोप क्लिनिकबाट विस्तारीत परिवार नियोजन सेवा (FP-EPI integration) जस्ता केही नवीनतम कार्यहरूको सुरुवातले ग्रामिण महिलाको प्रजनन् स्वास्थ्यमा पहुँच विस्तार गर्न सहयोग पुगेको छ। यस आ.व. २०७८/७९ मा चारवटा स्वास्थ्य संस्थाहरूबाट ४३१ सुत्केरी महिलाहरू सुत्केरी भएको ७ दिनभित्रमा ३ पटक घरैमा स्वास्थ्य चेकजाँच तथा परामर्श सेवा प्राप्त गरेका, १३ वटै स्वास्थ्य सस्थाहरूवाट महिलाको आङ्ग खस्ने समस्या सम्बन्धी उपचार तथा प्रेषण सेवाको सुरुवात भई ४७ महिलाहरूले सेवा पाएका छन्। ४६७ महिलाहरूले इम्प्लान्ट सम्बन्धी सेवा लिएका २१ जना विपन्न समुदायका महिलाहरूलाई आकस्मिक प्रसुति प्रेषण यातायात सेवा प्रदान गरी आमा र बच्चा दुवैको ज्यान बचाउन सहयोग पुगेको छ।

स्थानीय स्वास्थ्य प्रणाली लगायत स्वास्थ्य संस्थाहरू कोभिड महामारीको प्रतिकार्य, तयारी र व्यवस्थापन प्रणालीमा सुनियोजित तथा सक्षम बनाउनका लागि **कोभिड-१९ प्रतिकार्यमा स्वास्थ्य प्रणाली सुधार परियोजना** २०७८ श्रावण १ गतेदेखि २०७९ असोज ३१ गतेसम्म पाल्हीनन्दन र प्रतापपुर गाउँपालिकाका सञ्चालित रहेको छ। यस परियोजनाका उपलब्धीहरूलाई इन्फोग्राफिक्समा दिईएको छ।

**कोभिड-१९ बाट प्रभावित मानिसहरूको जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले कोभिड-१९ बाट प्रभावित नेपाली समुदायका लागि आर्थिक पुनर्जीवन परियोजना (RECOV)** दुवै पालिकाहरूमा २०७८ श्रावण १ गतेदेखि २०७९ असोज ३१ गतेसम्म सञ्चालनमा रहेको छ। कोभिड-१९ बाट प्रभावित भएका महिला, अपाङ्गता भएका व्यक्ति, दलित र पिछडिएका, किसान, आप्रवासीहरूलाई आयआर्जनको लागि तरकारी, नगदेबाली, पशुपालन, कुखुरापालन, तथा माछापालन सम्बन्धी व्यवसायिक तालिम दिइयो। तालिम प्राप्त मध्ये ९९ जनालाई माग अनुसार मोटर, पम्प सेट, माछाको भुरा, बाखा, च्याफ कटर, विद्युतीय स्प्रेयर, कुटो कोदालो, सिँचाई पाइप, दाना बनाउने मेसिनहरू सहयोग गरिएको छ।

**लैङ्गिक समानता परियोजना** पाल्हीनन्दन गाउँपालिकाको वडा नं. ५ र ६ मा सन् २०२० फेब्रुअरी देखि २०२३ जनवरी सम्म सञ्चालनमा रहेको छ। यस परियोजना अर्न्तगत २० वटा समूहको निर्माण भई नियमित बैठकमा सक्रिय रुपले घरेलु हिंसा, वालविवाह, दाईजो प्रथा र हिंसाका घटनाहरूको बारेमा छलफल गरी समुदायस्तरमा भएका समस्याहरू पहिचान गर्न थालेका छन्। समूहका सदस्यहरूले महिला माथी हुने हिंसा विरुद्ध आवाज उठाउने र विना दाइजो आफ्नो छोरा तथा छोरीको विवाह गर्ने सामुहिक प्रतिवद्धता गरेका छन्। यस वर्ष ४ जना परिवार तथा जोडीले बिना दाइजो विवाह गर्न सफल भएका छन्।

## प्रमुख उपलब्धीहरु

- **३** डिजिटल र पोर्टेबल एक्सरे र अल्ट्रा साउण्ड मेसिन सहयोग
- **१६** अक्सिजन सिलिण्डर र कन्सन्ट्रेटर
- **७३** पल्स अक्सिमिटर
- **१०९६**
- **४/४** बाईप्याप र ईलेक्ट्रीक सक्सन मेसिन सहयोग
- **१८** आईसोलेसन बेड
- **९४** थर्मल गन
- **९**
- **३/२** कार्डियाक मोनिटर र माईस्क्रोस्कोप
- **१३** डप्लर मेसिन
- **१९** स्वास्थ्य संस्थालाई सुरक्षा सामाग्री सहयोग
- **२१४**

**घरेलु हिंसा न्यूनीकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना** पाल्हीनन्दन गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा २०२१ जुलाई देखि २०२४ डिसेम्बरसम्म सञ्चालनमा रहेको छ । २ वटा महिला समूहका सदस्यहरूले ८ वटा सम्बन्धविच्छेद सम्बन्धी, घरेलु हिंसा तथा छुवाछुतका झगडाहरू समुदाय स्तरमा नै मेलमिलाप गराउन सफल भएका छन् । घरेलु हिंसा कम गर्न महिलाहरू आर्थिक रुपमा सबल हुनुपर्छ भन्ने उद्देश्यले घरेलु हिंसाको जोखिममा पर्न सक्ने २८ जना महिलाहरूको पहिचान गरी विभिन्न व्यवसायकमूलक आयआर्जनको लागि सहायता गरेको छ । १५ जना महिलाहरूले रु. ६०० देखि रु.१००० सम्मको आम्दानी गरी दैनिक रुपमा रु. ३०० देखि रु.४०० सम्म बचत गरेका छन् । ६ वटा वडास्तरीय मेलमिलाप केन्द्रहरूमा परियोजनामार्फत व्यवस्थापन सामग्रीहरू सहयोग गरिएको छ । साथै ३० जना सामुदायिक मेलमिलापकर्ताहरूलाई मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम प्रदान गरिएको छ ।

प्रतापपुर गाउँपालिकाका **मानिसहरूको लागि उत्थानशील जीविकोपार्जन परियोजना (पुर्नजीवन परियोजना)** प्रतापपुर गाउँपालिकाको वडा नं. ४ देखि ९ मा फेब्रुअरी २०२२ देखि डिसेम्बर २०२४ सम्म सञ्चालनमा रहेको छ। यस परियोजना अन्तर्गत हालसम्म ३६ वटा समूह गठन भई १०० पुरुष र ४७७ महिला गरी जम्मा ५७७ जना सदस्यहरू समूहमा आवद्ध भएका छन् । १४ समूहका २१५ जना किसानहरूले बाढी डुवान सहन सक्ने स्वर्ण सब १ जातका ८०० केजी धानको मूल बीउको प्रयोग गरी करीब २० हेक्टर जग्गामा धानको खेति भएको छ। समूह सदस्यहरूले धान गोड्ने हाते मेशिनको प्रयोग गरी धान गोडमेल गर्न थालेका छन् । ६.समूहका ९६ जना किसानहरूले ४०० केजी B4 जातका बदामको बीउको प्रयोग गरी करीब ४.५ हेक्टर जग्गामा आयआर्जनका लागि बदाम खेति गरेका छन् । ३ वटा समूहका ४५ जना किसानहरू सघन धान खेति बारे जानकार भई सघन धान खेति प्रदर्शन अभ्यासमा सक्रिय रूपमा सहभागी भएका छन् । १६ जना किसानहरूले स्थानीय स्तरमा उपलब्ध हुने बनस्पतिहरू तथा गहुतको प्रयोग गरी जैबिक विषादी बनाउने तालिम पाए पछि आफ्नो बारीमा रासायनिक विषादीको प्रयोगलाई कटौती गरी जैबिक विषादीको प्रयोग गरेर स्वस्थ तरकारी उत्पादन गर्न थालेका छन् ।




| | |
|---|---|
| | घरधुरीलाई बिउ सहयोग |
| २० | हातधुने कर्नर सहयोग |
| २५० | सुत्केरि तथा गर्भवतिलाई स्वच्छता बक्स प्रदान |
| | कृषक समूहलाई सिन्चाई सहयोग |
| ५० | घरधुरी खानेपानी व्यवस्था |
| २३ | अपांगता भएका व्यक्तिहरूलाई सामग्री सहयोगी |
| | आयआर्जन |
| १५ | घरधुरीमा ट्वाईलेट निर्माण सहयोग |
| ९१० | बाढी प्रभावितहरूलाई राहत सहयोग |



## स्वरोजगार र दृढ संकल्प

– अमृता राजभर

१६ वर्षीय अमृता राजभर नवलपरासी जिल्लाको तराई दलित परिवारकी हुन् । उनी आफ्नो परिवारका पाँच सदस्यसँगै बस्छिन् । उनका दुई दाजुभाई छन् । अमृताको परिवारको आर्थिक अवस्था एकदमै कमजोर छ । अमृताले कक्षा १० सम्म सरकारी विद्यालयमा पढेकी थिईन् भने उनका भाई अहिले कक्षा ७ मा पढ्छन् । उनको दिदीको विवाह पश्चात् घरको हेरचाह गर्ने कोही थिएन । उनका बुबाआमा दैनिक ज्यालादारीको काम गर्दछन् । उनीहरूको आम्दानीले घरपरिवार चलाउन मुश्किल परेको थियो । आर्थिक अवस्था कमजोर भएको कारण उनले आफ्नो पढाई छोड्नु पर्‍यो । उनले त्यस पश्चात् विद्यालय छोडेर घरायसी काममा लागिन् । दिउँसो फुर्सदको समयमा उनी छिमेकीको घरमा लुगा सिलाउन जान्थिन् ।

यसै क्रममा यू.एम.एन र साझेदार संस्था इन्द्रेणी सामाजिक विकास मञ्चले एकिकृत ग्रामीण समुदाय स्वास्थ्य परियोजना अन्तर्गत किशोरकिशोरीहरूलाई उनीहरूको आत्मनिर्भरताको लागि विभिन्न आय तथा सृजनात्मक गतिविधिहरूमा, किशोर तथा किशोरी केन्द्रित जीवन उपयोगी सीप र आर्थिक सहयोग सम्बन्धी तालिम प्रदान गर्ने कार्यक्रम आयोजना गर्‍यो । अमृता त्यस कार्यक्रमको छनोट मापदण्ड अनुसार सहभागी भईन् । उनले किशोर तथा किशोरी केन्द्रित जीवन उपयोगी सीप तालिम लिईन् । उनले आफ्नो व्यवसाय योजना बनाईन र गत वर्ष सो परियोजनाबाट व्यवसायको लागि सिलाई मेसिन प्राप्त गरिन् । यस सहयोगले उनमा हौसला प्रदान गर्‍यो र यही हौसलाको कारण आफ्नो क्षमतामा थप विकास गर्न उनी आफै सिलाई सम्बन्धी थप तालिममा सहभागी भई नयाँ सीपहरू सिक्न थालिन् । यसले गर्दा उनलाई उनका थप सिलाई सीपहरू तिखार्न मद्दत गर्‍यो । अहिले अमृतालाई छिमेकी र विद्यालयहरूबाट स्कूल ड्रेस, सर्ट, पाइन्ट र महिलाको लुगा सिलाईको धेरै अवसरहरू आइरहेको हुन्छ । उनले सामान्य दिनहरूमा प्रति दिन रु २०० देखि ५०० सम्म कमाई गर्छिन् भने विवाह र चाडपर्वको समय र विद्यालयहरूको नयाँ भर्ना अभियान सुरुको अवधिमा प्रति दिन रु १००० देखि ३००० सम्मको कमाई गर्छिन् ।

अहिले त्यसै कमाईबाट अमृताले आफ्नो परिवारलाई आर्थिक सहयोग गरीरहेकी छिन् । आफू पढ्न नपाएर बिचमै विद्यालय छोड्नु परेता पनि आफ्नो भाईको शिक्षामा लगानी गर्न पाउँदा उनी हर्षित छिन् । यसले गर्दा परिवारको अन्य खर्च लगायत घरको आर्थिक बोझ हटेको छ भने परिवारमा पनि खुशी आएको छ । अमृताले भनिन्, “यस किशोरकिशोरी कार्यक्रमले मलाई आत्मनिर्भर हुन र आम्दानीको स्रोत जुटाउन मद्दत गरेको छ । म विश्वस्त छु कि मैले मेरो ज्ञान र सीपले विद्यालय छोडेका र केही गर्न इच्छुक व्यक्तिहरूको लागि सहयोग गर्नेछु । मैले एउटा टेलरिङ सिकाई केन्द्र खोल्ने र भविष्यमा स्वरोजगार बन्न चाहनेहरूलाई सहयोग गर्ने योजना बनाएको छ ।”